आज मिति २०८२ पुस ९ गते बुधबारका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बेसीशहर नगरपालिकाको सभाहलमा बसेको नगरसभाको अठारौं अधिवेशनको प्रथम बैठकका सहभागीहरुको उपस्थिति र निर्णय देहाय बमोजिम छ ।

<u>निम्न उपस्थिति</u>

| क्र.स. | पद | | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमान सिंह अर्याल | | |
| २ | उपाध्यक्ष | उप प्रमुख | पद्मा गुरुङ | | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | | |
| ४ | सदस्य | वडा अध्यक्ष | दुर्गा बहादुर बुढाथोकी | १ | |
| ५ | सदस्य | वडा अध्यक्ष | मदन बहादुर राना | २ | |
| ६ | सदस्य | वडा अध्यक्ष | चित्र बहादुर दनाइ | ३ | |
| ७ | सदस्य | वडा अध्यक्ष | गमं बहादुर गुरुङ | ४ | |
| ८ | सदस्य | वडा अध्यक्ष | इन्द्र बहादुर गुरुङ | ५ | |
| ९ | सदस्य | वडा अध्यक्ष | प्रकाश थापा | ६ | |
| १० | सदस्य | वडा अध्यक्ष | ऋषिराम बस्नेत | ७ | |
| ११ | सदस्य | वडा अध्यक्ष | पवित्रा थापा राना | ८ | |
| १२ | सदस्य | वडा अध्यक्ष | खुशीजङ गुरुङ | ९ | — |
| १३ | सदस्य | वडा अध्यक्ष | गंगा बहादुर थापा | १० | |
| १४ | सदस्य | वडा अध्यक्ष | शिव प्रसाद जोशी | ११ | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | १० | — |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | ३ | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | ८ | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | १ | — |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | ६ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ति | ६ | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | ७ | |
| २२ | सदस्य | वडा सदस्य | दिपक अधिकारी | १ | |
| २३ | सदस्य | वडा सदस्य | डिल बहादुर गुरुङ | १ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

| क्र.स. | पद | | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २४ | सदस्य | वडा सदस्य | रुपा सार्की | १ | — |
| २५ | सदस्य | वडा सदस्य | गमान सिंह कंडेल | २ | |
| २६ | सदस्य | वडा सदस्य | वम बहादुर गुरुङ | २ | |
| २७ | सदस्य | वडा सदस्य | रिता अधिकारी | २ | |
| २८ | सदस्य | वडा सदस्य | लिलामाया विश्वकर्मा | २ | |
| २९ | सदस्य | वडा सदस्य | कृष्ण भुजेल | ३ | |
| ३० | सदस्य | वडा सदस्य | महेश कुमार भुजेल | ३ | |
| ३१ | सदस्य | वडा सदस्य | उषादेवी बराल | ३ | |
| ३२ | सदस्य | वडा सदस्य | हिराकुमारी मजाकोटी | ३ | — |
| ३३ | सदस्य | वडा सदस्य | कन्याकाशी गुरुङ | ४ | |
| ३४ | सदस्य | वडा सदस्य | चन्द्रमान गुरुङ | ४ | |
| ३५ | सदस्य | वडा सदस्य | जुनसरी गुरुङ | ४ | |
| ३६ | सदस्य | वडा सदस्य | सलिना विश्कर्मा | ४ | |
| ३७ | सदस्य | वडा सदस्य | टेकराम तामाङ | ५ | |
| ३८ | सदस्य | वडा सदस्य | नरेन्द्र जङ गुरुङ | ५ | — |
| ३९ | सदस्य | वडा सदस्य | डिल कुमारी गुरुङ | ५ | |
| ४० | सदस्य | वडा सदस्य | बविता विक | ५ | |
| ४१ | सदस्य | वडा सदस्य | सोम बहादुर रिमाल | ६ | |
| ४२ | सदस्य | वडा सदस्य | गोमा सार्की | ६ | |
| ४३ | सदस्य | वडा सदस्य | खड्ग बहादुर थापा | ७ | |
| ४४ | सदस्य | वडा सदस्य | गोविन्द बस्नेत | ७ | |
| ४५ | सदस्य | वडा सदस्य | अमृतलाल श्रेष्ठ | ८ | |
| ४६ | सदस्य | वडा सदस्य | सरोज कुमार दनाइ | ८ | |
| ४७ | सदस्य | वडा सदस्य | लक्ष्मी सार्की | ८ | |
| ४८ | सदस्य | वडा सदस्य | रवि थापा | ९ | |
| ४९ | सदस्य | वडा सदस्य | होमराज गुरुङ | ९ | |
| ५० | सदस्य | वडा सदस्य | शोभा अधिकारी | ९ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

| क.स. | पद | | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ५१ | सदस्य | वडा सदस्य | प्रमिता विक | ९ | |
| ५२ | सदस्य | वडा सदस्य | किम प्रसाद गुरुङ | १० | |
| ५३ | सदस्य | वडा सदस्य | नारायण तामाङ | १० | नारायण |
| ५४ | सदस्य | वडा सदस्य | सन्तकुमारी गुरुङ | १० | |
| ५५ | सदस्य | वडा सदस्य | कमला परियार | १० | |
| ५६ | सदस्य | वडा सदस्य | विजयराज सेढाइ | ११ | |
| ५७ | सदस्य | वडा सदस्य | भरत बहादुर बस्नेत | ११ | — |
| ५८ | सदस्य | वडा सदस्य | जमुना श्रेष्ठ | ११ | |
| ५९ | सदस्य | वडा सदस्य | काली सार्की | ११ | काली |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८२/०९/०९ गते सम्पन्न १८ औं नगरसभा अधिवेशनका निर्णयहरु

## नगरसभाको १८ औं अधिवेशनका प्रस्तावहरु

१. चालु आ.व. २०८२/८३ को हालसम्मको प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. चालु आ.व. २०८२/८३ को संशोधित बजेट सम्बन्धमा ।
३. विनियोजन ऐन, २०८२ र आर्थिक ऐन २०८२ संशोधन सम्बन्धमा ।
४. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
५. लेखा परीक्षण प्रतिवेदनले औंल्याएका नियमित गर्नुपर्ने बेरुजुको सम्बन्धमा ।
६. जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा ।
७. कार्यपालिका बैठकले गरेका निर्णय तथा संशोधित आयोजना/कार्यक्रम सम्बन्धमा ।
८. संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रम सम्बन्धमा ।
९. नगरप्रमुखबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१०. अन्य समसामयिक विषयहरुको सम्बन्धमा ।
११. नगरसभा अधिवेशनमा प्राप्त भएका सुझावहरुको सम्बन्धमा ।
१२. विविध

## नगरसभाको १८ औं अधिवेशनबाट पारित निर्णयहरु

**निर्णय नं १ : चालु आ.व. २०८२/८३ को हालसम्मको प्रगति प्रतिवेदन सम्बन्धमा ।**

नगर उपप्रमुख श्री पद्मा गुरुङबाट नगरसभाको १८ औं अधिवेशन समक्ष प्रस्तुत भई उपस्थित नगरसभासदस्यहरुलाई उपलब्ध गराईएको बेसीशहर नगरपालिकाको चालु आर्थिक बर्ष २०८२/८३ को हालसम्मको अनुसूची १ बमोजिमको संक्षिप्त प्रगति प्रतिवेदन उपर प्राप्त भएका सुझावहरु समावेश गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : चालु आ.व. २०८२/८३ को संशोधित आय व्यय बजेट सम्बन्धमा ।**

(क) गत नगरसभाको १७ औं अधिवेशनबाट चालु आ.व. २०८२/८३ को लागि कुल अनुमानित आय बजेट रु. ७८,४८,९१,८४१/-(अठहत्तर करोड अठ्चालीस लाख एकान्नब्बे हजार आठ सय एकचालीस रुपैया मात्र) स्वीकृत भएकोमा गत आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम चालु आ.व.मा मौज्दात देखिन आएको कारण चालु आ.व. २०८२/८३ लागि संशोधित आय बजेट रु. ८२,८२,०२,९२७.७६ (बयासी करोड बयासी लाख दुई हजार नौसय सत्ताइस रुपैया छयहत्तर पैसा) स्वीकृत गर्ने निर्णय गरियो । (विस्तृत आय विवरण अनुसूची २ मा संलग्न)

[illegible] सिंह अर्याल
नगर प्रमुख

(ख) उपरोक्त निर्णयानुसार आन्तरिक श्रोत(अ.ल्या.) तर्फको थप आय बजेट रु. ४,३३,११,०८६.७६/- (चार करोड तेत्तीस लाख एघार हजार छयासी रुपैया छयहत्तर पैसा) देहाय वमोजिमको आयोजना/कार्यक्रममा देहाय अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | शिर्षक | खर्च संकेत नं | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गत आ.व. को भुक्तानी दायित्व (समपुरक सडक) | ३११५१ | ८000000 | |
| २ | जग्गा प्राप्ति तथा विकास कार्यक्रम | ३१४११ | १५८00000 | |
| ३ | सवारी साधन व्यवस्थापन/खरिद | ३११२१ | ६000000 | |
| ४ | महंगी भत्ता (थप) | २११३२ | ६000000 | |
| ५ | सिसिटिभि/सडक बत्ती व्यवस्थापन | ३११२२ | १000000 | |
| ६ | फर्निचर/फिक्चर (थप) | ३११२३ | ५00000 | |
| ७ | सेवा र परामर्श सेवा (थप) | २२४११ | १0११0८६.७६ | |
| ८ | लागत साझेदारी/समपुरक कोष | २२७११ | ४000000 | |
| ९ | भैपरि आउने पूँजीगत खर्च | ३१५११ | १000000 | |
| | **जम्मा** | | ४,३३,११,०८६.७६ | |

**निर्णय नं ३ : विनियोजन ऐन, २०८२ र आर्थिक ऐन २०८२ संशोधन सम्बन्धमा ।**

(क) बेसीशहर नगरपालिकाको विनियोजन ऐन, २०८२ को दफा '३' को सट्टा देहाय वमोजिमको दफा '३' राखिनेछ ।

**देहायः**

आर्थिक वर्ष २०८२।८३ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः

(१)आर्थिक बर्ष २०८२।८३ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८२,८२,०२,९२७.७६/-(अक्षेरूपी बयासी करोड बयासी लाख दुई हजार नौसय सत्ताइस रुपैया छयहत्तर पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

(ख) बेसीशहर नगरपालिकाको विनियोजन ऐन, २०८२ को अनुसूची-१ को सट्टा देहाय वमोजिमको अनुसूची-१ राखिनेछ ।

देहायः

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८२/०९/०९ गते सम्पन्न १८ औं नगरसभा अधिवेशनका निर्णयहरु

## अनुसूची– १

### (दफा ३ संग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं | शिर्षक | चालु खर्च रु. | पूँजीगत खर्च रु. | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | ५५,८२,०७,९२७.७६/- | २६,९९,९५,०००/- | | ८२,८२,०२,९२७.७६/- |
| २ | वडा समिति | ० | ० | ० | ० |
| ३ | विषयगत शाखा | ० | ० | ० | ० |
| ४ | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | लगानी(शेयर/ ऋण) | ० | ० | ० | ० |

(ग) बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १८ पछि देहाय वमोजिमको १८ क. थप गरिएको छ ।

देहायः

१८ क. राजश्व फिर्ता दिन सकिनेः-

१.देहाय वमोजिमको अवस्थामा सम्बन्धित करदातालाई राजश्व फिर्ता दिन सकिनेछः-

(क)विद्युतीय माध्यमबाट राजश्व भुक्तानी गर्दा एक पटकभन्दा बढी वा बुझाउनु पर्ने भन्दा बढी राजश्व दाखिला हुन गएमा ।

(ख)राजश्व तिर्न अग्रिम भुक्तानीका लागि धरौटी राखेको अवस्थामा सो कर, सेवाशुल्क, महशुल,दस्तुर वा राजश्व तिर्नु नपर्ने अवस्था सिर्जना भएमा ।

(ग)कुनै कार्य गर्ने अनुमतिका लागि राजश्व दाखिला गरेको तर कावु बाहिरको परिस्थिति तथा अन्य विशेष कारणले उक्त कार्य सम्पन्न गर्ने अवस्था नभएकोमा ।

(घ) भुक्तानी गर्नु नपर्ने राजश्व भुक्तानी भएकोमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

२.करदाताको प्रमाण सहितको निवेदन, राजश्व परापर्श समितिको सिफारिस समेतका आधारमा कार्यपालिकाको निर्णयानुसार चालु आ.व.को तोकिएको शिर्षकको विनियोजित बजेटबाट खर्च हुने गरी राजश्व फिर्ता दिनुपर्नेछ ।

**निर्णय नं ४ : लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न भएको बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन र आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनको सार संक्षेप (अनुसूची ३ संलग्न) प्रमुख प्रशासकीय अधिकृतबाट यस १८ औं नगरसभा अधिवेशन समक्ष पेश भई सो सम्बन्धमा छलफल हुँदा प्रतिवेदनले औंल्याएका असुल उपर गर्नुपर्न तथा नियमित गर्नुपर्ने बेरुजुहरु फछ्यौंट गर्नेतर्फ आवश्यक कार्य गर्न तथा दिएका सुझावहरु कार्यान्वयनको लागि कार्यपालिका र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५ : लेखा परीक्षण प्रतिवेदनले औंल्याएका नियमित गर्नुपर्ने बेरुजुको सम्बन्धमा ।**

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएका नियमित गर्नुपर्ने बेरुजुको सम्बन्धमा लेखा समितिबाट पेश भई आवश्यक छलफल हुँदा अनुसूची-४ मा संलग्न भए वमोजिमका असल मनसायले गरिएका तथा कुनै हानी नोक्सानी नभएका केवल स-साना प्रकृयागत त्रुटि हुन गई बेरुजुमा देखिएको रकम रु. १,२०,४५,५२१/- ( अक्षेरुपी एक करोड बीस लाख पैंतालीस हजार पाँच सय एक्काइस मात्र) (विस्तृत विवरण अनुसूची-४ संलग्न) आगामी दिनमा यस प्रकृतिका त्रुटीहरु दोहोरिन नदिने प्रतिवद्धता सहित नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

नगरपालिकाको कार्यालयबाट नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरु समेतमा गरिएको आ.व.२०८१/८२ को जिन्सी निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत यस नगरसभा अधिवेशन समक्ष प्रस्तुत भई (अनुसूची ५ संलग्न) उक्त प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो साथै मर्मतसम्भार गर्दा सञ्चालनमा ल्याउन सकिने सामानहरु आवश्यक मर्मत गर्ने र लिलामीमा लैजानु पर्ने सामानहरुलाई लिलामी प्रकृयामा लैजाने व्यवस्था मिलाउनेतर्फ आवश्यक ध्यान दिन कार्यपालिका मार्फत कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७ : कार्यपालिका बैठकले गरेका निर्णय तथा संशोधित कार्यक्रम सम्बन्धमा ।**

१७ औं नगरसभा अधिवेशन पश्चात हालसम्म कार्यपालिका बैठकबाट भएका निर्णयहरु तथा कार्यपालिका बैठकबाट भएका आयोजना तथा कार्यक्रमहरुको संशोधन सम्बन्धी निर्णय यस अधिवेशनमा प्रस्तुत भयो साथै कार्यपालिका बैठकले गरेका आयोजना/कार्यक्रम संशोधन लगायत अन्य सबै निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिकाको मिति २०८२/०९/०९ गते सम्पन्न १८ औं नगरसभा अधिवेशनका निर्णयहरु

**निर्णय नं ८ : संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रम सम्बन्धमा ।**

नगरपालिकाको आर्थिक तथा प्राविधिक क्षमताले मात्र नभ्याउने तथा लागत साझेदारीमा गर्न सकिने अनुसूची-४ मा संलग्न भए वमोजिमका आयोजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी आवश्यक बजेट विनियोजन हुने व्यवस्थाको लागि नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो । (अनुसूची ६ संलग्न)

**निर्णय नं ९ : नगरप्रमुखबाट तोकादेश भएका आयोजना/कार्यक्रम र सहायता सम्बन्धमा ।**

नगरपालिकामा आकस्मिक एवम् विपद्जन्य घटनाको रुपमा तथा तुरुन्त कार्यान्वयन गर्नुपर्ने एवम् मागको आधारमा सम्बोधन गर्नुपर्ने विभिन्न आयोजना, कार्यक्रम, राहत/सहयोग, विपन्न नागरिक स्वास्थ्योपचार सहयोग तथा विविध भैपरी आउने कार्यको लागि नगरप्रमुखको तोक आदेशबाट चालु आ.व.२०८२/८३ को हालसम्म भएका सम्पूर्ण निर्णयहरु तथा निर्णयसंग सम्पादित कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : अन्य समसामयिक विषयहरुको सम्बन्धमा ।**

**(क) बजेट सिलिङ बृद्धि गर्न अनुरोध गर्ने सम्बन्धमा ।**

स्थानीय विकास निर्माण लगायत नागरिकका समस्या र आवश्यकताहरुको सम्बोधनका लागि स्थानीय सरकारसंग जनताको अपेक्षा बढी रहने भएको र सवै विषय र क्षेत्रलाई समेटी नीति, कार्यक्रम तथा बजेट ल्याउँदा पूँजीगत बजेट न्यून र अत्यन्त अपर्याप्त रहेको अवस्थामा स्थानीय तहमा प्राप्त हुने बजेटको सिलिङ बृद्धि गर्न तथा जिल्ला सदरमुकाम रहेको स्थानीय तहले कतिपय जिल्लाकै साझा सरोकारका विषयहरुमा समेत बजेट विनियोजन गर्नुपर्ने आवश्यकता रहेको हुँदा सदरमुकाम रहेका स्थानीय तहहरुमा अतिरिक्त बजेट समेत व्यवस्था हुन नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**(ख) बजेट सिलिङ अनुरुप अनुदान उपलब्ध गराउने सम्बन्धमा ।**

गत आ.व. २०८१/८२ मा संघीय समानीकरण अनुदान तोकिए वमोजिम प्राप्त हुन नसक्दा नगरपालिकालाई मर्का पर्न गएको अवस्थामा आर्थिक बर्षको अन्त्यतिर उक्त रकम कटौती नगरी सिलिङ बमोजिम नै उपलब्ध गराउने व्यवस्थाको लागि संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**(ग) स्थानीयतहबाट सिफारिश भएका योजना/कार्यक्रमलाई समावेश गर्ने सम्बन्धमा ।**

संघ र प्रदेश सरकारबाट आगामी आर्थिक बर्ष २०८३/८४ को लागि बार्षिक कार्यक्रम तयार गर्दा स्थानीय तहबाट सिफारिश भएका तथा आवश्यकता र औचित्यताका आधारमा आयोजना तथा कार्यक्रम समावेश गर्न अनुरोध गर्ने साथै स-साना टुक्रे आयोजना तथा कार्यक्रमहरु वजेट सहित व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा प्रदान गर्न अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

**(घ) सम्मान कार्यक्रम सम्बन्धमा ।**

नगरपालिकामा कार्यरत उत्कृष्ठ कर्मचारी तथा शिक्षकहरु, उत्कृष्ठ करदाताहरु, उत्कृष्ठ उपभोक्ता समिति र निर्माण व्यवसायीलाई यस १८ औं नगरसभा अधिवेशनको सन्दर्भमा सम्मान/पुरस्कृत गरिएको व्यहोरालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : नगरसभा अधिवेशनमा प्राप्त भएका सुझावहरुको सम्बन्धमा ।**

यस १८ औं नगरसभा अधिवेशनमा नगरसभासद्हरुबाट प्राप्त भएका सुझावहरुलाई गम्भिरतापूर्वक लिई आगामी दिनमा उक्त सुझावहरुलाई मनन् गरी क्रमशः कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं १२ : राष्ट्रिय वाणिज्य बैंकको एक्स्टेन्सन काउण्टर राख्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ जनसांख्यिक रुपमा ठूलो वडा भएको हुँदा सो वडाको वडाकेन्द्र रहेको चिती तिलाहारमा हालसम्म बैङ्किङ सुविधा नपुगेको हुँदा राष्ट्रिय बाणिज्य बैंकले एक्स्टेन्सन काउण्टर राख्न लागेको सन्दर्भमा बेनपा-११ स्थित तिलाहारमा वडा कार्यालयको स्वामित्वमा रहेको भवन बढीमा १० बर्ष निशुल्क उपलब्ध गराउने गरी काउण्टर राख्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : धन्यवाद ज्ञापन सम्बन्धमा ।**

यस १८औं नगरसभा अधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्ने सन्दर्भमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका निभाउने कार्यमा संलग्न सवै प्रति हार्दिक आभार सहित धन्यवाद दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख